आज मिति २०८१ साल माघ ६ गते तदनुसार ( January 19, 2025) आइतबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक वसी निम्न उपस्थितिमा तपसिल वमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु वहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर वलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण वहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |
| कार्यवाहक : | | |
| श्री सुवाश राई | ३ नं. वडा कार्यवाह अध्यक्ष | |
| श्री टिका थापा मगर | ८ ,, ,, ,, | टिका |

CamScanner

२०८१ साल माघ ६ गते तदनुसार January 19, 2025 आइतबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. गाउँसभाको हिउँद अधिवेशन सम्बन्धमा ।

२. गाउँशिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

३. हर्कपुर माविको कवाडी लिलाम बिक्रीको अनुमति सम्बन्धमा ।

४. महिला स्वास्थ्य स्वंमसेविकाहरुको अवकास तथा अपुग रकम दिने सम्बन्धमा।

५. विपन्न व्यक्तिलाई आर्थिक सहयोग उपलब्ध गर्ने सम्बन्धमा ।

६. कर्मचारीको तह बृद्धि सम्बन्धमा ।

७. खेलकुद सहभागी खर्च सम्वन्धमा ।

८. स्काभटर भाडा सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** यस गाउँपालिकाको दोस्रो गाउँसभाको १६ औं अधिवेशन/हिउँदे अधिवेशन यही मिति २०८१ साल माघ १३ गते आइतवारदेखि वस्ने निर्णय गरियो ।

**निर्णय नं.२:** यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१ साल पुस १० गते वुधवारका दिन वसेको वैठकको निर्णय नं. १ अनुसार चालु आ.व. मा संघीय सरकारवाट शिक्षामा पहुँच समावेशीकरण र गुणस्तर सुधार कार्यक्रम शीर्षकमा प्राप्त विशेष अनुदान रु. २ करोड ८५ लाख र गाउँपालिकाले थप गर्नु पर्ने रु.- २ लाख ९७ हजार गरी जम्मा २ करोड ८७ लाख ९७ हजार कुल वजेटको खर्चको वाँडफाँड सम्वन्धी भएको निर्णयलाई आजको कार्यपालिका वैठकमा छलफल गरी अनुमोदन गरियो । साथै पालिकाको दायित्व २ लाख ९७ हजार हिउँदे अधिवेशनमा माग गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** यस गाउँपालिकाको वडा नं. ७ मा स्थित श्री हर्कपुर मा.वि. हर्कपुरको वि.व्य.स.को मिति २०८१ साल मंसिर १० गतेको निर्णयानुसार र सो विद्यालयको नयाँ पक्की भवन निर्माण अवधिमा वनाइएका अस्थायी सिकाइ केन्द्र शौचालय र प्रशासन भवनमा प्रयोग भएका पुराना जस्तापाता तथा फलामका ट्रप र अन्य फलामजन्य कवाडी सामग्रीहरु विद्यालय प्रयोगमा नआउने भनी विद्यालयवाट खुला वढावढमा लिलाम विक्री गर्न अनुमति माग भइ आएकाले सामग्रीको प्राविधिक मूल्याङ्कन मार्फत न्यूनतम मूल्य कायम गरी प्रचलित ऐन नियमको अधिनमा रही लिलाम विक्री गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.४:** यस मानेभन्ज्याङ गाउँपलिकाले गत आ.व. २०८०/८१ मिति २०८०/०२/२६ गते शुक्रवारको कार्यपालिका वैठकको निर्णनुसार स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गरिरहनु भएका दिदीवहिनीहरुलाई नेपाल सरकारवाट सेवा सुविधा नहुने तर पनि स्वास्थ्य सेवामा उहाँहरुले दिनुभएको योगदानको कदर गर्दै अवकास हुँदाको वखत तपशिल अनुसार सुविधा/रकम उपलव्ध गराउने निर्णय भएनुसार गत आ.व. मा अवकाश भएकाहरुलाई अपुग रकम १६ जना साथै यस आ.व. २०८१/०८२ मा अवकाश हुने ४ जनालाई सो सुविधा आ.व २०८१/०८२ को गाउँसभावाट वजेट विनियोजन भएकोले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका निवृत्तिभरण कोषवाट खर्च गरिनेछ।

**तपसिल:**

- उमेर ५८ वर्ष कटेका अनिवार्य अवकाश गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकासंगै अन्यत्र कुनै पनि संस्था/अन्य निकायमा जागिर खाईरहेकाहरु (दोहोरो) भएकाको लागि अवकाश दिई एकमुष्ट रकम ८५ हजार उपलब्ध गराएको हुँदा यस आ.व. मा रकम विनियोजन भएकोले १६ जना लाइ १५ हजार थप गरि एक लाख पुऱ्याउने र ४ जनालाई एक मुष्ट रु १,००,०००।- एक लाखको दरले उपलब्ध गराउँदा जम्मा ६ लाख ४० हजार उपलव्ध गराउने निर्णय गरियो ।
- उमेर ६० वर्ष कटेका स्वयंसेविकाहरुको लागि नेपाल सरकारवाट २० हजार सुविधा प्राप्त गर्ने भएको हुँदा पालिकावाट ८० हजार उपलब्ध गराउने।

CamScanner

- कम्तिमा १० वर्ष पूरा गरेका स्वयंसेविकाहरुले स्वौच्छिक रुपमा छाडेमा एकमुस्ट रुपमा एक लाख उपलब्ध गराउने ।

**निर्णय नं. ५:** मानेभन्ज्याङ गाउँपालिकाको तपसिल अनुसारको विपन्न व्यक्तिहरुलाई उपचारको लागि आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**तपसिल:**

क. ज्ञान वहादुर विश्वकर्मा मानेभन्ज्याङ ७ टोक्सेल रु. १५ हजार ।
ख. कुल वहादुर सार्की मानेभन्ज्याङ ८ राघवपुर रु. १५ हजार ।

**निर्णय नं. ६:** मानेभन्ज्याङ गाउँपालिकाको तह वृद्धि सिफारिस समितिको मिति २०८१।०९।२८ गतेको निर्णयानुसार तह वृद्धिको लागि सिफारिस गरेका तपसिल वमोजिमका स्थायी कर्मचारीहरुको कोशी प्रदेश सरकारद्धारा जारी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० तथा मानेभन्ज्याङ गाउँपालिकाको कर्मचारीको तहवृद्धि गर्ने सम्वन्धी कार्यविधि, २०८१ अनुसार देहाय वमोजिमको सेवा, समूह, पद र तहमा तह वृद्धि गर्ने सर्वसम्मतले निर्णय गरियो ।

तपसिल:

| क.सं. | कर्मचारीको नाम,थर | हालकोपद/तह | बृद्धि हुने तह | नियुक्ति/बढुवा/तहवृद्धि मिति | तह वृद्धि गरिएको पद र तह, सेवा/समूह/उपसमूह, | तह वृद्धि लागुहुने मिति |
|---|---|---|---|---|---|---|
| १ | भोगबहादुर राई | लेखा अधिकृत/सातौं | आठौं | २०७६।०८।०१ | लेखा अधिकृत आठौं र आठौं, प्रशासन/लेखा | २०८१।१०।०१ गतेदेखी |
| २ | सुनिल तामाङ | इन्जिनियर/सातौं | आठौं | २०७६।०९।१३ | इन्जिनियर आठौं र आठौं,इन्जिनिरिङ/सिभिल | |
| ३ | जयता माया राई | सहायक/पाँचौं | छैटौं | २०७६।०९।०४ | अधिकृत छैटौं र छैटौं, प्रशासन/सा.प्र. | |
| ४ | चिरन्जिवी दाहाल | आ.ले.प./पाँचौं | छैटौं | २०७६।०८।२३ | आ.ले.प. अधिकृत र छैटौं, प्रशासन/लेखा | |
| ५ | उर्मिला राई | सि.अ.न.मी./पाँचौं | छैटौं | २०७१।०८।०७ | सि.अ.न.मी.नि. र छैटौं, स्वास्थ्य/प.हे.न./कम्युनिटी नर्सिङ | |
| ६ | मिनाकुमारी गोले | सि.अ.न.मी./पाँचौं | छैटौं | २०६९।०२।२९ | सि.अ.न.मी.नि. र छैटौं, स्वास्थ्य/प.हे.न./कम्युनिटी नर्सिङ | |
| ७ | विनिता राई | सि.अ.न.मी./पाँचौं | छैटौं | २०५९।०६।१६ | सि.अ.न.मी.नि. र छैटौं, स्वास्थ्य/प.हे.न./कम्युनिटी नर्सिङ | |
| ८ | उमा भुजेल | प्रा.स./पाँचौं | छैटौं | २०७२।१२।०४ | कृषि अधिकृत छैटौं र छैटौं, कृषि/वागवानी | |

तह वृद्धि हुनु भएका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक बधाई तथा उत्तरोतर प्रगतिको काभना समेत सर्वसम्मत गरिन्छ ।

CS CamScanner

निर्णय नं.-७: नमुना युथ क्लव लिखुद्वारा मंसिर २१ देखी २६ सम्म सञ्चालित पालिका स्तरीय फुटवल प्रतियोगितामा यस मानेभन्ज्याङ गाउँपालिकाकाको खेलाडी सहभागिको खर्च रु. ६८०००।- विविध खेलकुद सहभागिता खर्च शीर्षकबाट, पशु सेवा शाखाका कर्मचारी श्याम कटुवाललाई शोधभर्ना भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८: यही असोज ११ देखी १३ गतेसम्म परेको अविरल वर्षाले गाउँपालिकाभित्रका विभिन्न ग्रामीण सडक सञ्जाल अवरुद्ध भइ सडक सुचारु गर्न विभिन्न फर्म, कम्पनीको स्काभेटर सञ्चालन खर्च (भाडा) विपद व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय भए बमोजिम वडा कार्यालयको सिफारिस, विपद व्यवस्थापन समितिको सिफारिस तथा प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानी गर्ने निर्णय गरियो । गाउँपालिकाले इन्धन हालिदिने र प्रतिघण्टा स्काभेटरलाई रु. २०००/- को दरले भुक्तानी गर्ने निर्णय गरियो ।